बारेकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लिम्सा,जाजरकोट
कर्णाली प्रदेश, नेपाल
(प्रशासन शाखा)

☎ ९७५८००३०८०
email:barekotrm@gmail.com

पत्र संख्या :- २०७८/०७९
च.नं. ४६९

मिति :- २०७८.१०.०२

**बिषय : सूचना । सूचना ॥ सूचना ॥।**

**श्री सम्पूर्ण सरोकारवाला सबै ।**

प्रस्तुत बिषयमा जिल्ला प्रशासन कार्यालय जाजरकोटको च.न. २०३६ मिति २०७८।०९।२८ गतेको प्राप्त प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश अनुसार कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन २०२८ को दफा ६(३) बमोजिम जाजरकोट जिल्लाभर मिति २०७८।०९।२८ गते राती १२:०० बजे देखि लागु हुने गरी अर्को सूचना नभए सम्मका लागि आदेश जारी गरिएको हुँदा सोही बमोजिमको आदेश पालना गर्नु हुन सम्पूण सरोकारवालाहरु सबैमा अनुरोध छ ।

गोबिन्द बहादुर सिंह
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख पशासकिय अधिकृत

Scanned with CamScanner

PAN: 606628445

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

जाजरकोट

(स्थानीय प्रशासन तथा आन्तरिक सुरक्षा शाखा)

फोन नं.: ०८९-४३०१४४
०८९-४३०१३०
Email: jajarkotdao62@gmail.com
website:www.daojajarkot.moha.gov.np

प.सं. ०७८/७९
च.न २०२६

मिति:२०७८।०९।२८ गते

## जाजरकोट जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश।

जाजरकोट जिल्लासँग सिमाना जोडिएका छिमेकी जिल्लाहरुमा पछिल्लो समय कोभिड-१९ संक्रमणको दर बढ्दै गएको र उक्त संक्रमणको असर यस जिल्लामा समेत फैलिन सक्ने जोखिम भएकोले सोको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी वनाउन नेपाल सरकार (माननीय मन्त्रीस्तर) को २०७८।०९।२६ को निर्णय, कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम जाजरकोट जिल्लाभर मिति २०७८।०९।२८ गते राती १२:०० बजे देखि लागुहुने गरी अर्को सूचना नभए सम्म देहाय बमोजिमको आदेश जारी गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि अुनरोध छ ।

देहाय:

१ सार्वजनिक स्थलमा सबै प्रकारका राजनीतिक, तथा धेरै जना उपस्थित हुने गरी प्रशासनिक सामाजिक एवं त्यही प्रकृतिको कार्यक्रम नगर्न आव्हान गर्ने । अत्यावश्यक नियमित कार्यक्रमको हकमा स्थानीय प्रशासनको अनुमति लिएर गर्ने व्यवस्था मिलाउने । अर्को सूचना नभएसम्म सार्वजनिक स्थलहरुमा २५ जना भन्दा बढी भेला हुने गरी कुनै प्रकारका कार्यक्रमहरु नगर्ने नगराउने ।

२ सार्वजनिक स्थानहरुमा जस्तै कार्यालय, होटल, रेष्टुरेण्ट, पार्क आदी स्थानमा प्रवेश गर्दा अनिवार्य रुपमा कोभिड विरुद्धको खोप लगाएको कार्ड मोवाइलमा फोटो भए पनि हुने गरी साथमा राखे र ति निकायहरुले खोप कार्ड हेरेर मात्र प्रवेश दिने व्यवस्था मिलाउने गरी मिति २०७८ साल माघ ७ गते देखि लागू हुने गरी व्यवस्थाका लागि जिल्ला कोभिड-१९ संकट व्यवस्थापन समितिले आवश्यक व्यवस्था गर्ने ।

३ मिति २०७८ साल माघ ७ गते देखि सार्वजनिक सेवा प्राप्त गर्न खोप कार्डको अनिवार्य व्यवस्था मिलाउने ।

४ सार्वजनिक स्थानहरुमा निशुल्क एन्टिजेन टेष्ट वुथहरु स्थापना गर्न र नियमित खोप केन्द्रहरुमा खोपलाई अभियान कै रुपमा अगाडी बढाउन आवश्यक सहजीकरण गर्ने ।

५ सार्वजनिक यातायात संचालन गर्दा देहाय वमोजिमका मापदण्डहरु अवलम्वन गर्ने ।

क. सिट क्षमता भन्दा बढी यात्रु राख्न नपाईने ।

ख. चालक,सहचाल एवं यात्रुहरुले अनिवार्य रुपमा मास्क लगाउनु पर्ने ।

ग. यात्रु प्रवेश गर्ने ढोकामा अनिवार्य सेनिटाईजर राखे र प्रयोगको व्यवस्था गर्ने ।

६ कोभिड-१९ को बढ्दो संक्रमणलाई दृष्टीगत गरी घर बाहिर वा सार्वजनिक स्थलमा निस्किदा सवैले मास्कको अनिवार्य प्रयोग गर्ने, भौतिक दुरी कायम गर्ने, समय समयमा सावुन पानीले हात धुने वा सेनिटाईजरको प्रयोग गर्ने लगायतका स्वास्थ्य सम्बन्धी मापदण्डको अनिवार्य पालन गर्ने गराउने ।

७ कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्रको सिफारिसमा नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना बमोजिम २०७८ साल पौष २७ गते देखि २०७८ साल माघ १५ गते सम्म भौतिक उपस्थितिमा पठन पाठन संचालन नगर्ने नगराउने र पूर्व निर्धारित सेमेस्टर र वार्षिक परीक्षाहरुको हकमा स्वास्थ्य मापदण्ड पालना हुने जेड आकारमा वसाई व्यवस्था गरी परीक्षा संचालन गर्ने ।

२०७८।०९।२८

Scanned with CamScanner